# ७ दिने बाहिङ मातृभाषा प्रशिक्षण

काठमाण्डौं

## प्रतिवेदन  २०७३ जेष्ठ १५ देखि २२

पेश गरिएको मिति २०७३ बैशाख २३

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**

लगनखेल, ललितपूर

बुझाउने संस्था :


**बाहिङ किरात मुलुखिम**

जि.पी.ओ बक्स २०५७२, सुन्धारा, काठमाण्डौं

Web: www.bahingkm.org.np

bahingkiratmulukhim@yahoo.com;

bahingkiratmulukhim@gmail.com

संम्पर्क ९८४९१८६७८८

विषय सूचि


विषय पेज न.

१. पृष्ठभूमि ........................................................................१

२. प्रशिक्षणको उदेश्य........................................................................३

३. कार्यक्रमको विशिष्ट उदेश्य........................................................................३

४. लक्षित वर्ग........................................................................३

५.विधि र प्रकृया........................................................................३

६. कृयाकलापहरु........................................................................४

विधि र प्रकृया १........................................................................४

विधि/प्रकृया २........................................................................४


७. उपलब्धीहरु........................................................................४

८. सिकाई तथा निष्कर्ष........................................................................५

९. सुझाव तथा सिफारिसहरु........................................................................५

१०. बाहिङ मातृभाषा कक्षा संचालनमा विद्यार्थी नामावलीहरु ................५

कार्यक्रम फोटोहरु........................................................................६

## १. पृष्ठभूमि

नेपाल यस्तो मुलुक हो, जाहा बहुजाति, बहुभाषा, बहुसंस्कृतिले सजिएको फुलबारी हो । भाषिक साँस्कृतिक विविधताहरु नै यी जातिहरुको स्व-पहिचानका मुल आधार हुन् । किरात संभ्याता भित्रका विविध जाति, भाषा, संस्कृति र संस्कार हुनुले यी समुदायका आदिवासीय विविधताका धनि समुदायको रुपमा चिन्न सकिन्छ । यी नै विशेषता नै आदिवासी हो । आदिवासी किरात बाहिङ पुर्खाहरु पाई, रुङ्बु,(रुङबुढा, रुम्दाली) खालुवा(खालिवा), रेन्दु,(रेन्दुक्पा) र ह्वासालीका सन्तानहरुलाई आदिवासी बाहिङ भनेर चिनिन्छ । यी जातिहरु पनि नेपालका अन्य आदिवासीहरु जस्तै आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक, शैक्षिक, लगायतका विभिन्न अन्य विषयमा पछाडी पारिएका र परेका छन् । किरात बाहिङहरुको उद्गम थलो वल्लो किरात प्रदेशको ओखलढुगां र सोलुखुम्बुको दक्षिण पश्चिममा रहेको छ । पूर्वी नेपालको ओखलढुगांको देउसुम्बु(राँगादिप), सर्सेपू(विगुटार), खिस्तो(बरुणेश्वर), चुम्लोलुङ(ओखलढुगां), मोप्लोद्याल(अँधेरी), रुमजटार, सेर्ना, आँपस्वारा(दियाले), माम्खा, मुपुद्याल (रातमाट), मसेपु(भदौरे), मिझिमद्याल(बर्णालु) मोली, केतुके, र वाक्सा, गा.वि.स, र सोलुखुम्वु जिल्लाको सल्यान, नेचा बतासे गा.वि.स, खोटाङको चिउरी बोट चिचिङगां सल्ले, लगायत अन्य जिल्लामा संखुवासभाको पावाखोला, तुङखालीङ, दिदिङ, मकालु, ताप्लेजुङ्को गोपेटार, हाल आएर बसाई सराई क्रममा सुनसरी, मोरङ, झापा, सिन्धुली, उदयपुर, काठमाण्डौं र ललितपुर आदि क्षेत्रमा छरिएर रहेका छन् ।

पुर्खाहरुको भनाई अनुसार बाहिङ पुर्खा खालुवा र रुङबुहरुको एतिहासीक घटनाक्रम जम्को भेट तत्कालीन जंगली यूग अनकन्टार जंगल भएको रुम्जटारमा भएको हो । उक्त क्षेत्र रुङ्बु बाहिङ पुर्खाको नामबाट रुमजटार रहन गएको पुर्खाहरुको भनाई रहदै आएको छ । सो क्षेत्रबाट परम्पारिक सभ्याताको विकास क्रम संगै अन्य क्षेत्रमा घास दाउरा, सिस्नु र पानीको सुविधा भएको भु-भागमा जनसंख्या वृद्धि संगै फैलिएर बसोबास गर्न थालेका हुन् । पहिलो पटक आवाद गरि परापुर्वकाल देखि निरन्तर बसोवास गर्दै आएका आदिवासी बाहिङहरुको आफ्नै भाषा, संस्कृति इतिहास, सामाजिक संरचना र परम्पारिक भुमि रहेको छ । हाल आएर यी पुर्खाका सन्तानहरु फैलिएर वर्तमान अवश्थामा नेपाल, भारतको दार्जीलिङ्ग, सिक्कीम र भुटान, हंङकङ, ब्रुनाई, बेलायत, जपान, कोरिया, मलेसीया । अरवी मुलुक लगायत अन्य विभिन्न ठाँउमा पेशाले छरिएर वसोवास गर्दै आईरहेका छन् । यी जातिहरुलाई बाहिङ( बायुङ) भनेर चिनिन्छन् । भने यी समुदायले बोल्ने भाषालाई प्रोचा लो, पाई लो, काई लो, वाई लो, रदु लो, र रदि लो यीक्केलो बाहिङ लो भनेर समुदायले संम्बोधन गरेको पाइन्छ ।

जनसंख्यको हिसाबले अन्दाजी ३५ हजार देखि ६५ हजारसम्म रहेको संस्थाको अनुमान छ । भने जनसंख्या तथ्याङ्क सन् २००१ को आधार हेर्ने हो भने २७६५ मात्र देखाईएको छ तर यो सत्य तथ्य आकंलन भएको छैन । नेपाल सरकार २०६८ मा केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको तथ्यलाई हेर्दा ३०९६ जना बाहिङ जातिमा देखिन्छ । भने ११६५८ मातृभाषा बोल्ने संख्या देखाएको छ । विशेषत यी जातिहरु नेपालको पूर्वि क्षेत्रको ओखलढुंगा जिल्लाको १४ गा.वि.स र सोलुखुम्बु जिल्लाको २ गा.वि.स मुल रुपमा पूर्खौली थलो हुन् ।

बाहिङ बारे सर्वप्रथम सन् १८५७ देखि १८५८ मा Brain Houghton Hodgson ले एक बर्ष ओखलढुंगाको विगुटार, राँगादिप र ओखलढुंगा वरिपरि बाहिङ बसोबास रहेको क्षेत्रमा अध्ययन गरि Bahing Vocabulary & Grammer निकालेका थिए । वेलायतको तर्फबाट राजदुत भई २२

वर्ष बिताउदा बाहिङ बारे केहि शब्दावली र व्याकरणको अध्यायन र यसको चित्रण गरि दस्तावेजीकरण गरेका थिए । किरात भित्रको बाहिङ भाषा जो ओखलढुंगामा बोलिने भनेर उल्लेख गरेको पाइन्छ । - Mescellaneous Essays Relating To Indian Sublects Vol. I (1880 London, peg no 321, 393) उनले यसरी लेखेका छन् Bahing is a Kiranti (Kiranti, Kirati) Language spoken in Okhaldhunga district of eastern Nepal, the Kiranti Language are spoken in the eastern Himalayan region of Nepal. Known as Kiranti. The Kirant is traditionally divided into three areas: Pallo Kirat or far Kirant, Majh Kirat or Middle Kirant Vallo Kirat or Near Kirant; 356, त्यसैगरि George Van Driem. 1990 देखि 1991मा पुन ओखलढुंगको विगुटार पंचायतमा गई बाहिङ समुदायहरुको बारे अध्ययन गरि Bahing and the Proto Kiranti Verb(बाहिङ एण्ड प्रो:चो किराती भर्व)प्रकाशन गरेका थिए । (पेज न ३३७ देखि ३५५) त्यसै गरि Bahing-Vayu शिर्षकमा Benedict ले सन् १९७२ मा बाहिङ भाषाको बारे अध्ययन गरेको पाईछ । Boyd Michailorsky ले सन् 1988 मा IPA, PHONTIC SYMBOL IN BAHING भनि भाषामा स्वरहरुको चिन्हं बारे अध्ययन गरेको पाइन्छ । सन् २००३ मा John Apple ले उपत्यकामा रहेका सोलुखुम्बुका बाहिङहरुसंग भाषाको स्थीति र बसोबास बारे अध्ययन गरेका छन् । २००५ मा The Documentation of Bahing Language, भाषा केन्द्रिय विभागबाट अध्यायन गरि २६ सय शब्दको दस्तावेज बनाएकोछ । भने भाषा विद डा. Maureen B. Lee ले ओखलढुंगा र सोलुखुम्बुका किरात बाहिङ बस्तीहरुमा करिव ९ वर्ष लामो भाषा र सामाजीक अवस्था बारे अध्ययन गरि सन् २००५ यसको अवश्था बारे बाहिर ल्याएका छन् । भने हाल सम्म निरन्तर यो भाषाको विकासमा विभिन्न तहमा कथा लेखन, वर्ण निर्धारणमा समेत आर्थिक र प्राविधिकरुपमा मुलुखिम मार्फत समुदायको भाषा बचाउमा निरन्तर खट्नु भइ महत्वपूर्ण योगदान गर्नु भएको छ । त्यसै गरि भाषाशास्त्री सुयोसी तोवा ले ओखलढुंगको सोबुरु(टेकनपूर) क्षेत्रमा केहि भाषा स्थीतिको अध्ययन गरेका थिए ।

कक्षा संचालनका आधार २०६४ सालमा ओखलढुंगा, खोटाङ्ग, सोलुखुम्बुका प्रतिनिधि बाहिङहरुको १५ दिने गोष्ठीले निर्धारण गरेको स्वर र व्यञ्जन वर्णका आधारमा निर्धारण भएका युनिकोडको आधारमा भाषा लेखन र बोलिचालिको भाषा पद्दतिको आधारमा प्रशिक्षण संचालन गरिएको थियो । यो कार्य तेस्रो पटक संस्थागत रुपमा भाषा प्रशिक्षणमा नेपाल सरकारको तर्फबाट आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक अनुदान उपलब्ध गराई बाहिङ भाषा कक्षा संचालन भएकोले महत्व बढेको छ । नेपालका धेरै भाषाहरु मध्ये अस्तीत्वमा रहेको बाहिङ भाषा पनि एक हो । यो भाषा प्रशिक्षणमा प्रशिक्षक धिरेन सुस्तोचा बाहिङले युनिकोडमा समावेश भएका अक्षरहरुको आधारमा बोलिचालीको भाषालाई जोड दिई सिकाउनु भएको थियो । भने कम्पूटरमा टाईपिङ्गका तरिका, विधि भाषा साहित्यमा यसका आधारमा लेखन पद्दतिका बारेमा सोहि आधारमा प्रशिक्षण दिइएको थियो । भाषामा स्वरका लम्बाई, छोटाईका आधारमा अर्थमा भिन्नता प्रयोगका विधिहरुको बारे ज्ञान दिलाइएको थियो । बाहिङ भाषा दिन दुई गुना रात चौगुनाको दरमा भाषा लोप हुन थालेकोमा समुदाय आफैमा यो भाषा बचाँउन सक्षम थिएन । यसका लागि कुनै निकाय वा राज्यको सहयोग आवश्यकता जरुरी थियो । यीनै छरिएर रहेका बाहिङ जातिहरुको बसोबास रहेको काठमाण्डौं जिल्लामा अस्थाई र स्थायी रुपमा

बसोबास गर्नु हुने बाहिङ युवा र विद्यार्थीहरुलाई लक्षित गरि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक सहयोगमा बाहिङ किरात मुलुखिमले बाहिङ मातृभाषा(युनिकोड) ७ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो । मुलुखिमले २०७३ जेष्ठ १६ देखि २२ सम्म प्रशिक्षण दिएको थियो । यसका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले बाहिङ मातृभाषा प्रशिक्षणमा र यसको संरक्षण, प्रर्वद्धन र विकासमा हातमा हात मिलाई भाषा संरक्षणमा ठुलो र अतुलनिय योगदान दिई बाहिङहरुको उत्थानमा मलम लगाउने कार्य गरि दिनु भएकोमा आजउराप्र प्रति मुलुखिम र बाहिङ समुदायको तर्फबाट आभार व्यक्त गर्दछ ।

## २. प्रशिक्षणको उदेश्य

काठमाण्डौं उपत्यकामा अस्थाई स्थायी रुपमा बासोबास गर्नु हुने बाहिङ भित्रका युवा, विद्यार्थीहरुलाई बाहिङ मातृभाषा र यसमा आधारित युनिकोड र प्रयोगका विधि र टाईपिङ्गका तरिकाका बारेमा प्रशिक्षार्थीहरुलाई बोलीचालिको भाषामा विशेष जोड दिई बाहिङ मातृभाषा स्तरीकरणका आधारमा भाषा प्रशिक्षण दिइएको थियो । यस प्रशिक्षणले प्रशिक्षार्थीहरुको भावि दिनहरुमा बाहिङ भाषा, साहित्य र लेखन पद्दतीमा एकरुपतामा विकास भई भाषा बचाउनमा टेवा दिने र भावि पुस्ताहरुलाई लोपोन्मुख भाषाको संरक्षण र संम्बर्द्धन गर्नु यस कार्यक्रमको मुख्य उदेश्य रहेको थियो ।

## ३. कार्यक्रमको विशिष्ट उदेश्य

१. २० जना बाहिङ युवा र विद्यार्थीहरुलाई भाषा स्तरीकरणको आधारमा बाहिङ भाषा प्रशिक्षण दिएको
२. लोपोन्मुख बाहिङ भाषा भावि युवा र विद्यार्थीहरुमा पुनर जिवित राख्ने प्रयास भएको ।
३. बाहिङ भाषासंग जोडिएको संस्कृति र संस्कार आधारशिला तैयारी गर्दै टेवा दिने ।
४ भाषा स्तरीकारणका आधारमा लेखन पद्दतीको विकासमा जोड ।

## ४. लक्षित वर्ग

काठमाण्डौं उपत्याकामा रहेका स्थाई र अस्थायी रुपमा बसोबास गर्ने बाहिङ समुदायका युवा-युवतीहरु नै मुख्य प्रशिक्षणको लक्षित वर्ग र समुह थिए ।

## ५.विधि र प्रकृया

७ दिने बाहिङ मातृभाषा प्रशिक्षण संस्थाको कार्ययोजना अनुसार प्रशिक्षण विधी र कार्यक्रम यस प्रकार संचालन भएको थियो ।

| क्र.स | कार्यक्रम तालिका | विधि प्रकृया | प्रयोग |
|---|---|---|---|
| १. | बाहिङ मातृभाषा प्रशिक्षण उद्घाटन | विशिष्ठ व्यतित्व र समुदाय विच | हल, व्यज, माईनुट |
| २. | भाषा प्रशिक्षण | वर्ण, अंक, बोलीचालिका शब्दहरु | चार्ट पेपर, मेटाकार्ड, लैपटप |
| ३. | बाहिङ भाषा प्रशिक्षण समापन | औपचारिक | प्रमाण पत्र वितरण |

६. कृयाकलापहरु

**विधि र प्रकृया १ :**

७ दिने बाहिङ भाषा प्रशिक्षण उद्घाटन संस्थाका अध्यक्ष तथा नेपाल सरकारका पूर्व उप सचिव श्री भूप राज बाहिङज्यूको सभापतित्वमा आदिवासी किरात महासंघका अध्यक्ष श्री पृथ्वी राज मुकारुङ बान्तावाज्यूको प्रमुख आतिथ्यमा कार्यक्रम दियो प्रज्जलन गरि समुद्घाटन गरिएको थियो । उक्त कार्यक्रममा विशेष अतिथीको रुपमा किरात राई यायोक्खाका उपाध्यक्ष दिवश राई र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका अनुगमन शाखाका श्री विनोद उराउ रहनु भएको थियो भने अतिथीहरुमा संस्थापक, आजिवन सदस्य, सल्लाहाकारज्यूहरु रहनु भएको थियो ।

**विधि/प्रकृया २ :**

प्रशिक्षण मिति २०७३ जेष्ठ १६ गते आईतवार देखि निरन्तर वेलुका ४ बजे देखि ६ बजे सम्म दिनको २ घण्टाको दरले आदिवासी किरात महासंघको हलमा ७ दिन सम्म निरन्तर कक्षा संचालन गरियो । त्यस पछि उक्त दिनको गतिविधिका बारेमा प्रतिवेदन तैयारी पार्न श्री देव सेचोचा बाहिङलाई चुनियो । प्रशिक्षार्थीहरुले कक्षाको प्रारम्भमा सहभागिहरु र प्रशिक्षक विच परिचय, पेशा, बसोबासका बारेमा परिचय गरिएको थियो । परिचय पश्चात बाहिङ भाषामा निर्धारित स्वर वर्ण र व्यन्जन वर्णका आधारमा निर्धारीत स्वरका बारेमा बोर्डमा लेखाएर सिकाइएको थियो । तद पश्चात उक्त स्वरलाई युनिकोडमा प्रयोजनमा ल्याईएको आधार र सो अनुसारको टाईपिङ्गका कि(key)हरुको बारेमा सिकाइएको थियो । कक्षाको दोस्रो दिन पहिलो दिनको प्रतिवेदन कर्तालाई प्रस्तुत गराई राम्रा नराम्रा बारेमा सुझावहरु प्रस्तुत गर्न लगाईयो । त्यस पछि भाषाका स्तरीकरणको आधारमा बाहिङ लेखन पद्दतीका बारेमा प्रशिक्षण दिइयो । विचमा प्रशिक्षार्थीहरुका लागि पालैपालो गीत, कविताहरु भन्न लगाएर रिफ्रेस गर्ने काम भयो । र सहभागिलाई पुनः भाषा प्रशिक्षणमा केन्द्रीत गरियो । कक्षा संचालनको तेस्रो दिन अघिल्लो दिनको रिर्पोट रिपोटीङ्ग गर्दै लेखन पद्दतीको आधारमा कथा, कविता, गीतहरु बाहिङ मातृ भाषामा लेख्न सिकाईयो । प्रशिक्षणको चौथो दिन अघिल्लो कक्षाको रिर्पोटीङ्ग गर्दै, भाषाका आधारमा लेखन अभ्यास गर्न लगाईयो । कक्षाको पाचौ दिन लेखन प्रशिक्षार्थीहरुबाट लेखिएका भाषाहरुलाई बाहिङ स्वर र व्यन्जनका आधारमा शुद्धाशुद्धि, थप घट गर्ने गरियो । कक्षाको छैटौ दिन लेखिएका भाषाहरुलाई प्रत्येक प्रशिक्षार्थीहरुलाई प्रस्तुत गर्न लगाईयो । कक्षाको सातौ दिन सहभागिहरुलाई औपचारीक रुपमा संस्थाका अध्यक्ष श्री भूपराज बाहिङज्यूबाट प्रमाण पत्र सहित धन्यवात दिई कार्यक्रम समापन गरियो ।

७. उपलब्धीहरु

७ दिने बाहिङ भाषा सिकाइले बाहिङ मातृ भाषा सिक्ने युवा र विद्यार्थीहरु बाहिङ भाषा लेखन पद्दती सिकाई सिक्नु भएको छ । यसले भाषा लेखन र स्तरीकरणका आधारमा बाहिङ भाषा, साहित्य विकास हुने आशा लिइएको छ ।

(क) २० जना बाहिङ प्रशिक्षार्थीहरुलाई बाहिङ भाषामा लेखन पद्दतीको विकास सिकाई भएको,
(ख) सहभागीले १६ वटा बाहिङ भाषामा कथा, कविता लेखेको,

(ग) सहभागि युवा र विद्यार्थीहरुले बाहिङ भाषाको महत्व बुझेको,

## ८. सिकाई तथा निष्कर्ष

(क) भाषा प्रशिक्षणमा विजुली नियामीत नआउनुले आगामी दिनमा विद्युतको नियामीतलाई व्यवस्था गरिएमा प्रभावकारी हुने ।
(ख) बोल्ने अभ्यास नियामीत गरिएमा छिटो सिक्न सक्ने ।
(ग) साहित्यीक शब्दहरुको अर्थ सिकानु पर्ने ।
(ङ) बाहिङ भाषा सिकाईमा गीतबाट छिटो सिक्न सक्ने ।

## ९. सुझाव तथा सिफारिसहरु

आगामी दिनहरुमा कक्षा संचालन गरिदा सवै क्षेत्रका सहभागिहरुलाई राखेर कक्षा संचालन गर्नु पर्ने ।

## १०. बाहिङ मातृभाषा कक्षा संचालनमा विद्यार्थी नामावलीहरु

| क्र.स | निङ(नाम) | ठेगाना | | कैफियत |
|---|---|---|---|---|
| १ | देव सेचोचा बाहिङ | सोलुखुम्बु,सल्यान ४ | ९८४३७००३९१ | |
| २ | उर्मिला तोलाचा बाहिङ | सोलुखुम्बु,सल्यान ४ | ९८४२८८३३८८ | |
| ३ | रेनुका बाहिङ | ओखलढुंगा, मोली ७ | ९८४१९७७२६५६ | |
| ४ | क्यामुना बाहिङ | उदयपुर, काटारी ८ | ९८१९९६६६३९ | |
| ५ | अशोक बाहिङ | ओखलढुंगा, पंखु ६ | ९८०३०६८५३७ | |
| ६ | रितु राई (बाहिङ) | सोलुखुम्बु,सल्यान ४ | ९८४१६२६४०७ | |
| ७ | एलिना बाहिङ | सोलुखुम्बु,सल्यान ४ | ९८०३३९३९८८ | |
| ८ | उसा मुनारी राई(बाहिङ) | ओखलढुंगा, केतुके पंखु ६ | ९८६००७९१०२ | |
| ९ | चम्पा राई बाहिङ | ओखलढुंगा, माम्खा ६ | ९८४३८८७७६८ | |
| १० | गोरख राई बाहिङ(प्रज्वल) | ओखलढुंगा, बरुणेश्वर ६ | ९८१३३४४४८१ | |
| ११ | रविन राई बाहिङ | ओखलढुंगा, विगुटार ४ | ९८६०००७८०६ | |
| १२ | भूपराज बाहिङ | ओखलढुंगा, अधेरी २ | ९८४२९३५०८८ | |
| १३ | वेग बहादुर राई बाहिङ | ओखलढुंगा, उँबु ६ | ९८४९२६८७२३ | |
| १४ | रचना तोलाचा बाहिङ | ओखलढुंगा, केतुके पंखु ६ | ९८६३०१७९४० | |
| १५ | विमान बाहिङ | ओखलढुंगा, रातमाटे ८ | ९८६१२८००६९ | |
| १६ | हर्कमनी राई बाहिङ | खोटाङ, सत्तेश्वर ८ | ९८४३७०४४६९ | |
| १७ | दिवान हवालीन्दी बाहिङ | ओखलढुंगा, केतुके पंखु ५ | ९८४३२८५४५७ | |
| १८ | अशोक राई बाहिङ | खोटाङ,लामिडाँडा ३ | ९८०८५९९५९२ | |
| १९ | नविन बाहिङ | खोटाङ,लामिडाँडा ३ | ९८४२९६८७२१ | |
| २० | देव तोलीमी बाहिङ | ओखलढुंगा, केतुके पंखु ६ | ९८४३६८४२६३ | |
| २१ | विजयराज रुम्दाली | ओखलढुंगा, मोली ३ | | |
| २२ | मन राज बाहिङ | सोलुखुम्बु,सल्यान ४ | ९८४३३१४८९० | |